annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १२४ पृष्ठ ८ | काठमाडौं, आइतबार १५ भदौ २०८२ | भाद्र शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | SUNDAY, AUGUST 31, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# लुम्बिनी संरक्षणमा ऐतिहासिक फैसला

## ६१ उद्योग स्थानान्तरण गर्नुपर्ने, १९ टन बढी क्षमताका गाडी गुडाउन नपाइने

सर्वोच्च अदालतले लुम्बिनीको पर्यावरण संरक्षणका लागि महत्वपूर्ण आदेश दिएको छ। बुद्ध जन्मस्थलकै अस्तित्व संकटमा परिरहेको भन्दै विश्वव्यापी चिन्ता भइरहेका बेला सर्वोच्चले ऐतिहासिक आदेश दिएको छ। जसअनुसार दुई वर्षभित्र लुम्बिनी आसपासका ६१ उद्योग स्थानान्तरण गर्नुपर्नेछ। भैरहवा लुम्बिनी सडकखण्डमा १९ टनभन्दा बढी क्षमताका मालबाहक गाडी गुडाउन पाइने छैन। उद्योगीहरूले भने यति धेरै उद्योग सार्नुपर्दा ७० अर्ब लगानी र सयौंको रोजगारी जोखिममा पर्ने बताएका छन्।



लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा ध्यान गर्दै बौद्धमार्गीहरू। ● लक्ष्मण पोखरेल

समाचार पृष्ठ २

लक्ष्मण पोखरेल | बुटवल

– को रिपोर्ट

# लिपुलेकबारे चीन-भारत सहमतिप्रति प्रधानमन्त्री ओलीको आपत्ति



राधा खनाल | काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउने विषयमा चीन-भारतबीच भएको सहमतिप्रति चिनियाँ राष्ट्रपति सी जिनपिङसँग आपत्ति जनाएका छन्।

सांघाई सहयोग संगठन 'एससीओ'को शिखर सम्मेलनमा भाग लिन शनिबार चीनको तियामिन पुगेका प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपतिबीच भेटवार्ता भएको थियो। तियानजिन अतिथि गृहमा भएको भेटवार्तामा प्रधानमन्त्री ओलीले लिपुलेक नेपालको भूमि भएकाले त्यसबारे चीन र भारतबीचको सहमतिप्रति आपत्ति जनाएका थिए।

लिपुलेकलाई व्यापारिक मार्ग बनाउने विषयमा चीन र भारतबीच भएको सहमतिमा राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीले स्पष्ट रूपमा आपत्ति जनाएको परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले जानकारी दिए। 'सन् १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभागहरू सार्वभौम मुलुक नेपालको भएको स्पष्ट छ। यस मामिलामा चीनले नेपाललाई सहयोग गर्नेछ भन्ने हाम्रो विश्वास छ,' प्रधानमन्त्री ओलीको भनाइ उद्धृत गर्दै सचिव राईले भने, 'नेपाल जसरी आफ्नो भूमि कुनै मुलुकविरुद्ध प्रयोग हुन नदिने विषयमा स्पष्ट छ, त्यसैगरी आफ्नो भूमिका विषयमा अरू मुलुकले गर्ने सहमतिमा पनि उत्तिकै असहमति व्यक्त गर्दछ।'



> नेपाल जसरी आफ्नो भूमि कुनै मुलुकविरुद्ध प्रयोग हुन नदिने विषयमा स्पष्ट छ, त्यसैगरी आफ्नो भूमिका विषयमा अरू मुलुकले गर्ने सहमतिमा पनि उत्तिकै असहमति व्यक्त गर्दछ
>
> **केपी शर्मा ओली**, प्रधानमन्त्री

प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति चिनफिङको भेटपछि चीनस्थित नेपाली दूतावासले शनिबार साँझ विज्ञप्ति जारी गरेको छ। जसमा भनिएको छ, 'भारत र चीनबीच हालै लिपुलेक नाकामार्फतको सीमा व्यापारसम्बन्धी भएको समझदारीको सन्दर्भमा प्रधानमन्त्री ओलीले उक्त भूभाग नेपालको भएको स्पष्ट पार्दै नेपाल सरकारले यसबारे कडा आपत्ति दर्ता गरिसकेको जानकारी दिनुभयो,' विज्ञप्तिमा अगाडि भनिएको छ, 'प्रधानमन्त्री ओलीले नेपालको विकास प्रयासमा चीनले प्रदान गर्दै आएको निरन्तर सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै नेपाल-चीन सम्बन्ध पञ्चशील सिद्धान्तमा आधारित, स्थिर र समस्यामुक्त रहेको बताउनुभएको छ।'

जवाफमा चिनियाँ राष्ट्रपति चिनफिङले भनेका थिए, 'नेपालको जुन दाबी छ। चीन कुनै प्रकारको पक्ष बन्न चाहँदैन। यसमा नेपाल-भारत दुवै पक्षले समाधान गर्ने विषय हो। त्यसमा नेपालको दाबीमा चीनको कुनै सम्झौता हुँदैन।'

» बाँकी पृष्ठ ६

# निजामती विधेयकमा 'चलखेल' कायमै

सुरेन्द्र काफ्ले | काठमाडौं

संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्था सहितको संविधान जारी भएको एक दशक भयो। तर, मुलुकको स्थायी सरकार निजामती कर्मचारीतन्त्रमा संघीयता लागू हुनै सकेन। स्वार्थको द्वन्द्वका कारण निजामती सेवासम्बन्धी विधेयक निर्माणमा ढिलाइ भइरहेको छ। संसद्मा छलफलका क्रममा पनि विधेयकका कैयौं प्रावधानमा चलखेल भए। यो क्रम अझै रोकिएको छैन।

प्रतिनिधिसभाबाट पारित गर्ने क्रममा पनि विधेयकमा छेडखानी भयो। राज्य व्यवस्था तथा सुशासन समितिले पास गरेका भन्दा फरक प्रावधान राखेर प्रतिनिधिसभाबाट विधेयक पारित भएपछि हंगामा मच्चियो। कुलिङ अफ पिरियडका विषयमा भएको गडबडीबारे संसदीय छानबिन समिति बन्यो, जसले समितिका सभापति रामहरि खतिवडालाई 'नैतिक दोषी' ठहर गर्‍यो। खतिवडा राजीनामा दिन बाध्य भए।




- कुलिङ पिरियड २ वर्ष
- १० प्रतिशत सहसचिव खुला प्रतिस्पर्धाबाट
- अवकाशको उमेरहदमा ६० वर्ष तर कसरी लागू गर्ने भन्ने टुंगिन बाँकी

### कुलिङ परियिड दुई वर्ष नै

राष्ट्रियसभाको विधायन समितिले निजामती कर्मचारीका लागि दुई वर्ष नै कुलिङ अफ पिरियड राख्ने सहमति गरेको छ। 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन' भन्ने प्रावधान राख्ने सहमति भएको छ। तर, राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) र प्रथम श्रेणी (सहसचिव)मा मात्रै कुलिङ पिरियड लागू हुने छ। समिति सभापति तुलसाकुमारी दाहालले प्रतिनिधिसभाबाट पारित विधेयकमा कुलिङ पिरियडको व्यवस्था सच्याइएको जानकारी दिइन्। 'पहिला सबै तहका कर्मचारीमा कुलिङ अफ पिरियड लागू गर्ने भन्ने थियो तर सचिव र सहसचिवमा मात्रै लाग्ने व्यवस्था गरिएको छ,' उनले भनिन्।

संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालयले यो विधेयक दर्ता गराउँदा कुलिङ अफ पिरियडको व्यवस्थाको प्रस्ताव थिएन। प्रतिनिधिसभाको राज्य व्यवस्था समितिले बनाएको उपसमितिले यो प्रावधान प्रस्ताव गरेको थियो। सांसद दिलेन्द्रप्रसाद बडुको संयोजकत्वमा बनाएको उपसमितिले सुरुवातमा १ वर्षको कुलिङ अफ पिरियडको व्यवस्था प्रस्ताव गरेको थियो।

तर, राज्य व्यवस्था समितिले दुई वर्षको व्यवस्था राख्ने निर्णय गरेर मस्यौदा बनाउने जिम्मा समिति सभापति र सचिवालयलाई दिएको थियो। तर, प्रतिनिधिसभाबाट पारित गर्ने बेला कुलिङ अफ पिरियडमा गडबडी गरिएको थियो। सोही विषयमा छानबिन गर्न बनेको समितिले सभापति रामहरि खतिवडालाई नैतिक दोषी देखाएपछि उनले राजीनामा दिए।

०८२ असार १५ मा प्रतिनिधिसभामा पास भएको विधेयकमा 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्त बाहेकको पदमा नियुक्ति लिन' भन्ने प्रावधान थपेर पास गरिएको थियो। यो विषय छलछाम गरेर थपिएको भनेर संसदीय छानबिन समिति बन्यो। त्यो समितिले छलछाम भएको भन्दै सभापति खतिवडा, समितिका सचिव सुरजकुमार दुरा मुख्य जिम्मेवार ठहर गर्‍यो।

मुख्यसचिव एकनारायण अर्याल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव उदयराज सापकोटा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानुन) फडीन्द्र गौतम लगायतको त्रुटि रहेको जनाएको थियो।

अब राष्ट्रियसभामा निजामती सेवाका सबै क्षेत्रमा कुलिङ अफ पिरियड लागू हुनेछ। कुलिङ पिरियडको व्यवस्था सुशासनसम्बन्धी विधेयक वा स्वार्थको द्वन्द्वसम्बन्धी विधेयकमा राख्दा सबै क्षेत्र समिटिने आवाज पनि उठिरहेको छ। स्वार्थको द्वन्द्व वा सुशासन ऐनमा संशोधनमार्फत प्रहरी, सेना, प्राध्यापक, शिक्षक, सार्वजनिक संस्थान, एनजिओ/आईएनजिओ लगायतका क्षेत्रमा पनि कुलिङ पिरियडको व्यवस्था राख्नुपर्ने मत छ।

### उमेर हदमा चलखेल

कर्मचारीको अवकासको उमेरहद ६० बनाउने व्यवस्था प्रतिनिधिसभाबाट पारित भएको थियो। तर, ६० वर्षे प्रावधान कहिलेबाट लागू गर्ने भन्नेमा चलखेल भइरहेको छ। यसअघि निजामती कर्मचारीको उमेरहद ५८ वर्ष थियो।

» बाँकी पृष्ठ ६

